## प्रश्न नं. १९

## त्रि.वि. कानुन संकाय, नेपाल ल क्याम्पस एलएल.वि. द्धितिय बर्ष २०७५/०७६ को अभ्यास अदालत अन्तर्गत फौजदारी मुद्दाको विवरणः

## (कक्षा रोल्नं.२१९६ देखि २३१७ सम्मका विद्यार्थीहरुका लागी मात्र)

राम सेवक मल्लाहकोले नेपाल सरकार
विरूद्ध
विरगंज उ.म.न.पा. वडा नं. ३ बस्ने नसुरूद्दीन अलि र ऐ ऐ वडा नं. ७ बस्ने भोला महतो
<u>मुद्दाः- ज्यान सम्बन्धी कसूर</u>

१. मिति २०७५।८।४ गतेका दिन म आफ्नो काम विशेषले घर वाहिर गै फर्की आउँदा मेरो गाउको हरिहर केवटले मेरो भाई शिव सेवक मल्लाहलाई मकवानपुर जिल्लाको मनहरी बजार तिर काम गर्न भनि लिइ गएको भन्ने सनी थाहा पाएको र मिति २०७६।८।५ गतेका दिन म आफ्नो घरद्धारमा बसी रहेको अवस्थामा मेरो भाईलाई लिई जाने हरिहर केवट आई तपाईको भाई शिव सेवक मल्लाह समेतका व्यक्तिहरू गाजाको पोका बोकी आई रहेको अवस्थामा मिति २०७६।८।४ गते साझ पर्सा वन्यजन्तु आरक्षको जंगल भित्र आइ पुग्दा नसुरुद्दीन अलि र भोला महतोले हातमा वन्दुक लिई गाजाँ लुट्ने उद्देश्यले वाटो कुरी बसेका रहेछन। हामीलाई देख्ना साथ विपक्षीहरूले वन्दुक फायर गर्दा सो फायरबाट तपाईको भाई शिव सेवक मल्लाह मृत्यु भएको भन्ने निज हरिहर केवटबाट जानकारी हुन आएकोले यो जाहेरी दर्खास्त दिन आएको छु भन्ने समेत व्यहोराको राम सेवक मल्लाहको जाहेरी दर्खास्त ।

२. जिल्ला पर्सा ठोरी गाउँपालिका वडा नं. ७ अन्तर्गत पूर्वमा चुरिया पहाड तथा विभिन्न किसिमको रुखहरू भएको घना जंगल, पश्चिम जंगल, उत्तर दक्षिण लालमिटी खोलाको वगर यति चार किल्ला भित्र मृतक शिव सेवक मल्लाहको लाश रहेको र सो लाशको घाँटीमा ४ वटा गोली छर्रा लागेको घाउ चोट लागेको पिठ्युमा ३ वटा छर्रा लागेका प्वाल देखिएको भन्ने समेत व्यहोराको घटनास्थल तथा लाश जाच प्रकृती मुचुल्का ।

३. फरार रहेका प्रतिवादीहरूलाई खोज तलास गर्दा प्रतिवादीहरू मध्येका पर्सा जिल्ला विरगंज महानगरपालिका वडा नं. ३ वस्ने नसुरुद्दीन अलिलाई फेला पारी पक्राउ गरी दाखेल गर्न ल्याएको छु भन्ने समेत व्यहोराको मिति २०७६।८।९ को प्र.ह. मोहन चौधरीको प्रतिवेदन ।

४. शिव सेवक मल्लाहको मृत्युको कारण घाँटी तथा पिठ्युमा गोलीको छर्राले लागी गहिरो घाउ भई अति रक्तश्राव भई मृतकको मृत्यु भएको भन्ने चिकित्सकको सव परीक्षण प्रतिवेदन (पोष्ट मर्टम रिर्पोट)

४. मिति २०७६।८।४ गते बिहान यस वन्यजन्तु आरक्षको जंगलमा म समेतको भोला महताले गाँजा लुट्न हामी दुवै जनाको हातमा बन्दुक लिएर वसेकोमा शिव सेवक मल्लाहले गाँजा बोकी ल्याएको देख्नासाथ अन्धाधुन्धा वन्दुक फायर गर्दा शिव सेवकको घटनास्थलमै मृत्यु भएको हो। कस्को वन्दुकको

## प्रश्न नं. १९

फायरबाट मृत्यु भएको थाहा भएन भन्ने समेत व्यहोराको प्रतिवादी नसरुद्दीन अलिले अधिकार प्राप्त अधिकारी समक्ष गरेको बयान ।

५. मिति २०७६।८।४ गतेको बेलुकी म समेतको राम सुरत चौधरी, गणेश यादव समेतका ४/५ जना गाँजा व्यापारीहरूले आ-आफ्नो साथमा गाँजाको बोरा बोकी आई रहेको अवस्थामा पर्सा वन्यजन्तु आरक्षको जंगलमा आई पुग्दा गाँजा लुट्न बन्दुक लिई बसेका सुरेस तुराहा र सुरेश मलाहले बन्दुक फायर गर्दा सो फायरबाट रामसुरतको मृत्यु भएको हो भन्ने बुझिएका हरिहर केवटको कागज ।

६. मिति २०७६।८।४ गते जाहेरवालाको भाई शिव सेवक मल्लाह र हरिहर केवट समेत कामको सिलसिलामा मकवानपुरको मनहरी तर्फ गएकोमा सो मनहरीमा गाँजाको व्यापार गर्ने भारतीय गणेश यादवले दिएको गाँजा बोकी आउँदाको क्रममा पर्सा वन्यजन्तु आरक्षको जंगलमा आई पुग्दा जाहेरवालाको जाहेरीमा उल्लेख भएको व्यक्तिहरुले गाँजा लुट्ने मनसायले अन्धाधुन्ध बन्दुक फायर गर्दा सो फायरबाट जाहेरवालाको भाई शिव सेवक मल्लाहको घटनास्थलमानै मृत्यु भएको भन्ने हरिहर केवटबाट जानकारी भएको हो भन्ने समेत व्यहोरा घटना विवरण कागज गर्ने शंकर यादव, श्याम सुन्दर गुप्ता र कुशेस्वर सहनीको भनाई ।

७. प्रस्तुत मुद्दामा जाहेरी दर्खास्त, पोष्ट मार्टम रिपोर्ट, प्रतिवादीको बयान तथा घटना विवरण कागज गर्ने व्यक्तिहरुको भनाई समेतका कागज प्रमाणबाट मृतक शिव सेवक मल्लाहको गोली प्रहार गरी कर्तव्य गरी मारेको वारदात पुष्टी हुन आएकोले मुलुकी आपराध (संहिता) ऐन, २०७४ को परिच्छेद १२ दफा १७८ (१) बमोजिमको कसूर गरेकाले सो कसूरमा ऐ दफा १७८(२) बमोजिम सजाय गरी पाउँ । फरार प्रतिवादीलाई सम्मानित अदालतवाटै पक्राउ पूर्जी जारी गरी पाउनाका साथै सक्कल मिसिल र प्रतिवादी नसुरुद्दीन अलिलाई आवश्यक कारवाहीका लागि यसै अभियोग पत्र साथ प्रस्तुत गरिएको छ भन्ने समेत व्यहोराको अभियोग पत्र माग दावी भएको ।

८. प्रतिवादी नसुरुद्दीन अलि शुरु अदालतमा गरेको इन्कारी बयान ।

९. अदालतमा हाजिर हुन आएका प्रतिवादी भोला महतोले शुरु अदालतमा गरेको इन्कारी बयान ।

१०. प्रतिवादी नसुरुद्दीन अलिका साक्षी हकिम मियाँ तथा प्र. भोला महतोका साक्षी प्रमोद यादव, जाहेरावाला राम सेवक मल्लाह तथा घटना विवरण कागज गर्ने हरिहर केवटले शुरु अदालतमा गरेको बकपत्र

११. शुरु पर्सा जिल्ला अदालतबाट भएको फैसला

१२. उच्च अदालत जनकपुर विरगंज इजलामा पेश भएको पुनरावेदनपत्र